मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २९ ◆ अङ्क : १४५ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८० चैत २९ गते बिहीवार (Thursday, 11 April. 2024) नेपाल सम्वत् ११४४ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## 'विदेशी सम्बन्धनका कलेजमा भर्ना नगर्नू'

**काठमाडौँ, चैत २८।** शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले अनुमति नलिई सञ्चालनमा रहेका विदेशी शिक्षण संस्थाको सम्बन्धनका कलेजमा विद्यार्थी भर्ना नगर्न आग्रह गरेको छ ।

मन्त्रालयले सूचना जारी गरी 'ए लेभल', 'इन्टरनेशनल ब्याकालरेट्स', 'सिएसइबी' र सोसरहका कार्यक्रम सञ्चालन गर्न अनुमति लिएका ४९ संस्थाको सूची सार्वजनिक गर्दै ती बाहेकका संस्थामा विद्यार्थी भर्ना नगर्न आग्रह गरेको हो । इन्टरनेशनल एजुकेशन प्रोभाइडर्स अफ नेपाल (आइप्यान)ले भने नेपालमा ८९ संस्था सञ्चालनमा रहेका जनाएको छ ।

## मिडिया काउन्सिल ऐन संसदमा दर्ता हुन्छ : मन्त्री शर्मा



**झापा,चैत २८।** सूचना प्रविधि तथा सञ्चारमन्त्री एवम् सरकारकी प्रवक्ता रेखा शर्माले मुलुकमा आमसञ्चार र सूचना प्रविधिलाई समेट्ने कानून नै नभएकोले आफ्नो मन्त्रालय सो काममा जुटेको बताएकी छन् । उनलेले मिडिया काउन्सिल ऐन संसदमा दर्ता हुने उल्लेख गरिन् ।

प्रेस सेन्टर झापाले बुधबार बिर्तामोडमा आयोजना गरेको पत्रकार भेटघाटमा बोल्दै मन्त्री शर्माले साइबर सुरक्षा केन्द्र स्थापना र सामाजिक सञ्जाल निर्देशिका प्रस्तुत भइसकेको जानकारी दिइन् । उनले प्रेस काउन्सिललाई विस्थापित गरेर मिडिया काउन्सिल बन्नु पर्नेमा जोड दिइन् ।

फरक प्रसंगमा बोल्दै मन्त्री शर्माले सबै समस्याको हल संवाद र छलफलबाट सम्भव भएपनि राजतन्त्र ल्याउँछु भन्नेसँग वार्ता नहुने बताइन् । राष्ट्रिय प्रजातन्त्र पार्टीको एजेन्डा र आन्दोलन पश्चगामी चरित्रको हो, त्यस्तो एजेन्डा बोकेर आन्दोलन गर्नेसँग सरकारले वार्ता गर्दैन-मन्त्री शर्माले भनिन् ।

सरकारको प्रवक्ता समेत रहेकी उनले निषेधित क्षेत्र तोड्ने प्रयास भएपछि मंगलबार प्रहरीले बल प्रयोग गरेको बताइन् । उनले अग्रगामी चेतनासाथका सडकमा आउने, शान्तिपूर्ण आन्दोलन गर्ने छुट सबैलाई हुनेमा शंका नगर्न आग्रह गरिन् ।

इलाममा जनाधार नभएर होइन सहकार्य र नयाँ सत्ता समीकरणलाई नयाँ शिराबाट अघि बढाउने दीर्घकालीन सोच र योजनाका साथ नेकपा माओवादी केन्द्रले उम्मेदवार नउठाएको उनको भनाइ थियो ।

मन्त्री शर्माले गृहमन्त्री रवि लामिछाने लक्षित संसद र सडकमा भइरहेको विरोधलाई राजनीतिक पूर्वाग्रहको संज्ञा दिइन् । उनले दूरसञ्चार , सुन, शरणार्थी, सहकारी काण्डमा दोषी देखिए सरकारले कसैलाई नछाड्ने जिकिर गरिन् । माओवादी केन्द्रको स्थायी कमिटी सदस्य समेत रहेकी शर्मा पार्टीको महिला संगठन अनेमसंघको जिल्ला भेलालाई सम्बोधन गर्न झापा आएकी हुन् ।

# कोशीमा आर्थिक अपराधका घटना बढे

● नरेन्द्र ढकाल

**बिर्तामोड, चैत २८ ।** कतै तपाईले कसैको नाममा रकम नभएको खाताको चेक त दिनुभएको छैन् ? होस् गर्नुहोस् यदि बैंकिङ कसुर मुद्दामा प्रहरीले पक्राउ गर्ला है !

कोशी प्रदेशमा पछिल्लो समय आर्थिक अपराधका घटनामा वृद्धि भएको प्रहरीले जनाएको छ । व्यक्तिहरूमा छिटो धनी हुने अभिलाषा, गलत देखासिकी, महत्वाकांक्षा, बढ्दो शहरीकरण लगायतले पनि यस्ता अपराध बढ्दै गएको प्रहरी अनुसन्धानका क्रममा खुलेको जनाइएको छ ।




बैंकिङ कसुर सम्बन्धी अपराध अघिल्लो वर्षको तुलनामा बढ्दै गएको हो । चालू आर्थिक वर्षको आठ महिनामा मात्रै पाँच सय ४५ वटा उजुरी दर्ता भएको कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरले जनाएको छ । आर्थिक वर्ष २०७७-०७८ मा ८० वटा मात्रै बैंकिङ कसुर सम्बन्धी अपराधका उजुरी दर्ता भएका थिए । उक्त समयमा १२ जना पुरुषसहित चार जना महिलालाई पक्राउ गरेर कनूनी कारबाही गरिएको तथ्याङ्कमा उल्लेख छ । उक्त समयमा ६० जना पुरुषसहित आठ जना महिला फरार रहेका थिए । वर्षेनि बैंकिङ कसुरसम्बन्धी अपराधका घटनाहरु ब्ढ्दै गएको भन्दै प्रहरीले आर्थिक अपराधका घटनामा संलग्नलाई धमाधम पक्राउ गर्दै आएको कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरले जनाएको छ ।

बैंकिङ कसुरसँग सम्बन्धित अपराध चुनौतीको विषय बन्दै गएको प्रहरीको भनाइ छ । तीन वर्षअघि ८० वटा मात्रै मुद्दा दर्ता भएकोमा गत वर्ष २०७९-०८० मा यो संख्या बढ्ेर आठ सय १२ वटा पुगेको कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरको तथ्याङ्कमा उल्लेख छ । आर्थिक अपराधको ग्राफ नाटकीय ढंगले उकालो लागेको देखिएको छ । पछिल्लो समय यसरी चेकमार्फत हुने कारोबारबाट ठगी बढेको छ । यसले समग्रमा बैंकिङ कसुरका अपराध बढ्न गएको प्रहरीको भनाइ छ ।

बैंक खातामा रकम नभएको चेक 'बाउन्स' दिनेको संख्या बढ्दा बैंकिङ कसुरका अपराध बढेका हुन् । यससँगै विशेष गरेर लेनदेन, ठगी, जालसाजी फस्टाएको र अहिले अनलाइन कारोबारको समेत दुरुपयोग गर्ने बढेकाले पछिल्ला तीन आर्थिक वर्षमा यसको संख्या बढेको छ । कार्यालयका अनुसार आर्थिक वर्ष २०७७-०७८ मा ८० वटा मुद्दा दर्ता भएको थियो भने आर्थिक वर्ष २०७८-०७९ मा दुई सय ८२ वटा उजुरी दर्ता हुँदा २९ जना पुरुषसहित चार महिलाालाई प्रहरीले पक्राउ गरेको थियो ।

त्यस्तै आर्थिक वर्ष २०७९-०८० मा यो संख्या उच्च दरमा बढेको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार सो अवधिमा आठ सय १२ वटा उजुरी दर्ता हुँदा ६३ जना पुरुषसहित १० जना महिलालाई पक्राउ गरिएको थियो । अझै छ सय २९ जना पुरुष र एक सय ३९ जनाा महिला फरार रहेको जनाइएको छ ।

चालू आर्थिक वर्षमा पाँच सय ४५ वटा उजुरी दर्ता हुँदा ८५ जना पुरुषसहित ३४ जना महिला पक्राउ परिसकेका छन् भने तीन सय २० जना पुरुषसहित ८० जना महिला अझै फरार रहेको कोशी प्रदेश प्रहरी कार्यालयको तथ्याङ्कमा उल्लेख छ ।

बैंकिङ कसुर तथा सजाय ऐन (पहिलो संशोधन) २०७३ ले अनधिकृत रूपमा कर्जा लिन वा दिन नहुने, अनधिकृत रूपमा खाता खोल्न वा रकम भुक्तानी माग गर्न नहुने, विद्युतीय माध्यमको दुरुपयोग वा अनधिकृत प्रयोग गरी भुक्तानी लिन वा दिन नहुने, कर्जाको दुरुपयोग गर्न नहुने, बैंकिङ स्रोत साधन र सम्पत्तिको दुरुपयोग गर्न नहुने, ऋणीले रकम झिक्न र सम्पत्ति प्राप्त गर्न नपाउने लगायत व्यवस्था गरेको छ । उक्त ऐनले यो व्यवस्था विपरीतका कार्य गर्नेलाई बैंकिङ कसुर भनेर उल्लेख गरेको छ ।

पैसा नभएको खाताको चेक दिएर ठग्ने प्रवृत्ति (चेक बाउन्स) बढेकाले बैंकिङ कसुरका उजुरी तथा मुद्दा बढेको प्रहरी प्रधान कार्यालयका प्रवक्ता डीआइजी भीमप्रसाद ढकालको भनाइ छ । व्यापार-व्यवसाय, जग्गाको कारोबार गर्नेहरू देखि सबैखाले क्षेत्रबाट चेक बाउन्सका घटनामा वृद्धि भएको र कोशी प्रदेशमा समेत यस्ता घटना बढ्दै गएको प्रहरीले जनाएको छ । कोशी प्रदेशका झापा, मोरङ, सुनसरी, उदयपुर, इलाम, धनकुटा लगायतका जिल्लामा यस्ता घटनामा वृद्धि भएको प्रहरीले जनाएको छ ।

पछिल्लो समय इन्टरनेट तथा अनलाइनबाट हुने कारोबारमा पनि बैंकिङ कसुरहरू पर्ने गरेका छन् । यस्तो अपराध बढ्नुको कारण प्रविधिको दुरुपयोग गरेर छिटो लाभ लिने मानसिकता भएकाहरूका कारण भएको भन्दै प्रहरीले अपराध गर्नेलाई कुनै पनि हालतमा नछाड्ने डीआइजी ढकालले बताए । प्रविधिको बढ्दो प्रयोग हुनु र अधिकांश अवस्थामा व्यक्ति अप्रत्यक्ष संलग्न हुने गरेको अध्ययनले देखाएको उनको भनाइ छ । बैंकिङ कसुरका ठूला-ठूला नेटवर्किङ रहेका जटिल अनुसन्धानको काम केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले गर्दै आएको छ ।

यस्ताखाले अपराध रोक्न बैंक तथा वित्तीय संस्थाहरूले अत्याधुनिक प्रणालीका प्रविधिहरूको प्रयोग गर्न जरुरी भएको उनको भनाइ छ । चालू आर्थिक वर्षको फागुन मसान्तसम्ममा ५९ हजार ६१ वटा उजुरी पर्दा बैंकिङ कसुर सम्बन्धी मात्रै २२.४८ प्रशित उजुरी दर्ता भएको प्रहरी प्रवक्ता ढकालले जानकारी दिए । उनले पूर्वाञ्चलसँग कुरा गर्दै भने-विश्वब्यापी रुपमा देखिएको आर्थिक मन्दीका कारण पनि पछिल्लो समय नेपालमा आर्थिक अपराधका घटनामा वृद्धि भएको अनुसन्धानबाट खुलेको छ ।

उनले काठमाण्डौं उपत्यकामा सबैभन्दा धेरै आर्थिक अपराधका उजुरी दर्ता भएको जानकारी दिए ।

कोशी प्रदेशमा पनि आर्थिक अपराधका घटनामा वृद्धि भएकाले त्यसलाई न्यूनीकरण गर्न के गर्न सकिन्छ भन्ने विषयमा प्रहरीले अनुसन्धान गरिरहेको

(बाँकी अन्तिम पृष्ठमा)

## 'खेतीपाती र झोला-पोका बोकेकै भरमा गुजारा'

● पार्थ मण्डल

**भद्रपुर, चैत २८।** नेपाल-भारत सीमा क्षेत्रमा बसोबास गर्ने बासिन्दाहरुले खेतीपाती र झोला-पोका बोकेको भरमै आफ्नो परिवारको गुजारा गरिरहेको पाइएको छ ।



सशस्त्र प्रहरीले 'सीमावासीसँग सशस्त्र प्रहरी' नामक अभियानलाई तीव्रता दिँदै सीमावासीको घरदैलो पुग्दा उनीहरूले यस्तो बताएका हुन् । सीमावासी, जनप्रतिनिधि र राजनीतिक दलका प्रतिनिधिहरूले सीमामा खेतीपाती गर्न समस्या उत्पन्न भएको, झोला-पोका ल्याउन नपाएको, लागूऔषध कारोबार बढेको, चोरी-तस्करी बढेको र मुआब्जा रकम अझै नपाइएको जस्ता समस्या र गुनासाहरू झापा जिल्ला सुरक्षा समितिका पदाधिकारी समक्ष खुलेर राखेका छन् ।

सीमा बासिन्दाको हातमा नेपाली धनीपुर्जा छ । अहिले सो जमिन भारतमा परेकोले भारतीय पक्षबाट निरन्तर दुःख र सास्ती दिने काम भइरहेको भद्रपुर - ४ नम्बर वडा अध्यक्ष हंशधर राजवंशीले बताए ।

२०२१ साल पहिलाका र सुकुम्वासी आयोगमार्फत पाएको लालपुर्जा भएका नेपाली कृषकको जमिन अहिले भारतीय भूमिमा परेको हुँदा सो जमिनमा विवाद भइरहेको बताउँदै वडा अध्यक्ष राजवंशीले भने- 'यसको समस्या समाधान र उचित व्यवस्थापनका लागि जिल्ला सुरक्षा समितिले तत्काल माथिल्लो निकायमा कुरा पुऱ्याउनु पर्ने अवस्था आएको छ ।

सीमा पिलर गाड्दा तत्काल जोतभोग गरिरहेको जमिनमा कुनै हस्तक्षेप नहुने गरी दुवै देशका अधिकारीबीच सहमति भएपनि त्यसको कार्यान्वयन अझै नभएको उनले बताए ।

त्यस्तै भद्रपुरकी रानीले सीमा नाकाका बासिन्दाको परिस्थिति एकदमै कमजोर भएकोले अलिअलि सरसामान भारतबाट ल्याउनै पर्ने बाध्यता रहेको बताइन् । हाम्रो समस्याप्रति कसैलाई केही मतलब छैन, माथिबाट 'अर्डर' छ भन्दै बोर्डरमा हाम्रो पेटमा लात हान्ने काम भइरहेको छ - उनले गुनासो गरिन् ।

भद्रपुरका विनय गोयलले भद्रपुर भन्सारले अधिग्रहण गर्न लागेको जमिनको मुआब्जा रकम अझै नपाएको गुनासो पोखे । मेरो नामको १६ कठ्ठा जमिन रोक्का राखिएको छ । १६ कठ्ठामध्ये ६ कठ्ठा जमिन मात्र भन्सारले लिने हो- उनले भने- न त मुआब्जा दिन्छ, न त जमिन फुकुवा नै गर्छ, यो न्यायोचित हो ? त्यस्तै मेचीपारिका बासिन्दाहरूको पनि जमिनकै समस्या रहेको छ । नेपाली धनीपुर्जा भएको जमिनमा भारतीय पक्षको हस्तक्षेप बढिरहेकोले यसको उचित समाधान आवश्यक रहेको उनीहरुले बताए । मेचीपारिको गाउँमा स्वास्थ्य, खानेपानी र बाटोघाटो समस्या अझै रहेको उनीहरूको भनाइ छ । त्यसैगरी पृथ्वीनगर सीमा क्षेत्रबाट लागूऔषध भित्रिने समस्या बढ्दो रहेको माओवादी केन्द्रका नगर अध्यक्ष शिवकुमार राजभण्डारीले बताए ।

भद्रपुर १ नम्बर वडा अध्यक्ष रामप्रसाद अधिकारी र २ नम्बर वडा अध्यक्ष र राम कँडेलले दरबन्दी अनुसार सुरक्षाकर्मी नहुनु र नागरिकता सिफारिसमा समस्या भइरहेको बारेमा जानकारी गराएका थिए । त्यस्तै भद्रपुर नगरप्रमुख गणेश पोखरेलले कानून विपरीत सीमामा काम नगर्न नगरबासीलाई आग्रह गरेका थिए । उनले झोला पोका बोक्ने भन्दा पनि नगरपालिकाले दिइरहेको सिपमूलक तालिम लिएर अन्य व्यापार व्यवसायमा लाग्न जोड दिए ।

हाल दशगजा क्षेत्रमा देखिएको जमिन विवादको बारेमा बोल्दै नगरप्रमुख पोखरेलले भने- सीमा पिलर राख्दा दुवै देशका सुरक्षा निकायबीच सहमति भएको थियो, कि पिलर नजिकै जसको जमिन पर्छ त्यही देशका नागरिकले जोतभोग गर्न पाउँछ ? यस बारेमा जिल्ला सुरक्षा अधिकारीले भारतीय अधिकारीसँग तत्काल छलफल गरी अघि बढ्नुपर्ने उनले बताए । भन्सारले लिने जमिनको मुआब्जा सम्बन्धीको फाइल मन्त्रालयमा नभेटिरहेको जानकारी आएकोले भन्सारसँग समन्वय गरी नगरपालिकाले पुनः पत्राचार गर्न लागेको उनले जानकारी गराए ।

यता सीमावासी र जनप्रतिनिधिहरूको समस्या र गुनासा सुनेपछि प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बाँस्तोलाले नेपाली भूमिमा उठेको विषय अहिले देशव्यापी समस्या रहेको बताए । नेपालीले बर्षौंदेखि जोतभोग गर्दै आइरहेको दशगजा क्षेत्रको भूमिको बारेमा भारतीय सुरक्षा निकायसँग समन्वय र सहकार्य गरेर अघि बढ्नुको विकल्प नरहेको प्रमुख जिल्ला अधिकारी बाँस्तोला भनाइ छ । सीमामा तैनाथ सशस्त्र प्रहरीले दुःख मात्र दिँदैन, तपाईँहरूसँग समन्वय र सहकार्य पनि गर्दै आइरहेको छ - उनले भने - राजश्व बढाउनु सबैको दायित्व हो । उनले भने -अब पेशा परिवर्तन गर्नु पऱ्यो, सधैँ झोला-पोका बोकेकै भरमा गुजारा चलाउनु पर्छ भन्ने कुरा त्याग्नु पऱ्यो ।

भन्सारले अधिग्रहण गर्न लागेको जमिनको मुआब्जाको समस्या समाधानमा आफू लागीपरेको बताउँदै प्रजिअ बाँस्तोलाले भने - भन्सार, नगरपालिका र प्रशासन मुआब्जा रकम ल्याउन सरकारसँग पहल गरिरहेको छ, रकमान्तर भएपछि असार मसान्तसम्म रकम आउन सक्छ ।

सीमावासीको खानेपानी, स्वास्थ्य, बाटोघाटोको समस्या बारेमा स्थानीय पालिकासँग समन्वय गर्ने बताउँदै उनले भने - नागरिकता वितरणमा केही समस्या भए सोझै मसँग सम्पर्क राख्नुहोला ।

(बाँकी अन्तिम पृष्ठमा)

## काठमाडौंको वायु प्रदूषण यस वर्षकै उच्च

**काठमाडौँ, चैत २८।** विहीवार मुलुकको वायु प्रदूषण बढेर वर्षकै उच्च विन्दुमा पुगेको छ । देशका विभिन्न स्थानमा भइरहेको वन डढेलोका कारण वायु प्रदूषण उच्च विन्दुमा पुगेको हो ।

'एयर क्वालिटी इन्डेक्स'का अनुसार बुधवार काठमाडौँको वायु गुणस्तर सूचकाङ्क (एक्यूआई) दुई सय ६५ पुगेको छ । मङ्गलबार एक्यूआई दुई सय पुगेको थियो । मुलुकका विभिन्न स्थानमा लागेको वन डढेलोसँगै वायु प्रदूषण अझै बढ्नसक्ने भन्दै सरोकारवालाले चिन्ता व्यक्त गरेका छन् । 'एयर क्वालिटी इन्डेक्स'का अनुसार काठमाडौँ विश्वको प्रदूषित शहरको सूचीमा पहिलो नम्बरमा सूचीकृत भएको छ ।



वातावरण विभागका उपमहानिर्देशक तारादत्त भट्टले बढ्दो डढेलोसँगै उपत्यकामा प्रदूषण पनि ह्वात्तै बढेको बताए । उनले डढेलो नियन्त्रणका लागि सबै सरोकारवालाको समन्वय जरुरी रहेको बताए । दिनानुदिन प्रदूषण बढिरहेको छ । एक्यूआई तीन सय पुगेपछि राज्यले आपतकालीन घोषणा गर्नुपर्ने हुन्छ । उनले वन डढेलो नियन्त्रण नभएसम्म प्रदूषण पनि बढ्दै जाने बताए ।

## आज सार्वजनिक बिदा

**काठमाडौँ, चैत २८।** सरकारले इस्लाम धर्मावलम्बीको पर्व ईद-उल फित्र(ईद)को अवसरमा आज विहीवार सार्वजनिक बिदा दिने निर्णय गरेको छ । गृह मन्त्रालयले एक विज्ञप्ति जारी गरी सो जानकारी दिएको हो ।

सरकारले हरेक वर्षको ईद-उल फित्र(ईद)का अवसरमा सार्वजनिक बिदा दिँदै आएको छ । यसवर्ष बुधबार आकाशमा चन्द्रमा नदेखिएका कारण ईदको अन्तिम दिन बिहीबार सार्नु परेको मुस्लिम धर्माबलम्बीको भनाइ छ । मुस्लिम समुदायमा ईदको अन्तिम दिन बिहानै उठेर नुहाइधुवाइ गरी मस्जिदमा नमाज पढेर धार्मिक मनोभाव आदानप्रदान गर्ने परम्परा छ । साथै मुस्लिम समुदायले आफन्तमाझ अङ्गालो हालेर आत्मियता साट्ने गर्छन् ।



## कोशीमा ...

प्रवक्ता ढकालको भनाइ छ ।

वित्तीय क्षेत्रहरूको कारोबारमा मन्दी आएका कारण र राज्यकै आर्थिक गतिविधि सुस्ताएकोले त्यसबाट निम्तिएको समस्या पनि प्रहरीका लागि चुनौती बनेको छ । बैकिङ कसुर सम्बन्धी जाहेरीहरू दिनप्रतिदिन बढ्दो अवस्थामा रहेकोले यस्तो समस्यामा प्रहरीलाई चुनौती थपिएको हो ।

वित्तीय अपराध नियन्त्रणका लागि बैंक, सहकारी ठगी, हुण्डी, नक्कली नोटको कारोबार, राजश्व अपचलन तथा ठगी, वैदेशिक रोजगारीमा ठगी, सुन तस्करी, बहुमूल्य पत्थर, जडीबुटी, जनावरका अवशेषको तस्करी बढ्दा चुनौती थपिएको प्रहरीले जनाएको छ । अपराधलाई विश्लेषण गरेर विभिन्न रणनीतिहरु अपनाएर भए पनि अपराधमा संलग्नहरुलााई कारबाहीको दायरामा ल्याउने प्रहरी प्रवक्ता डीआइजी ढकालको भनाइ छ ।

**कसरी हुन्छ चेक बाउन्स ?**

रकम नभएको चेक दिएर झुक्याउने क्रम बढ्दै गएको छ । चेक काटेर दिने व्यक्तिले लेखिए अनुसारको नगद बैंक खातामा भुक्तानीयोग्य नभएमा चेक बाउन्स हुन्छ ।

भुक्तानीका निम्ति दिएको चेक बैंकबाट भुक्तान हुन नसकी फिर्ता हुनु भनेको 'चेक बाउन्स' हुनु हो । यस्तो चेक नियतवश दिँदा अपराधको भागेदारी बन्नु पर्ने प्रहरीले जनाएको छ । बैंक खातावालाले चेकमा लेखिएको मिति, अंक, बेहोरा लगायतमा फरक परेमा पनि चेक बाउन्स भएको ठहर हुने बताइएको छ । यसैले यस्ता कुरामा ध्यान दिन जरुरी छ । चेक काट्दा धेरै सजग हुनुपर्छ । यदि चेक बाउन्स भए चेक काट्ने वा चेक जारी गर्ने व्यक्तिले नेपालमा प्रचलित कानूनअनुसार सजाय भोग्नुपर्ने प्रहरी प्रवक्ता डीआजी ढकालको भनाइ छ ।

शुरुमा चेक बाउन्स भएको एक साताभित्र बैंकलाई खबर गरेर चेक वाहकले चेक जारी गर्नेलाई कालोसूचीमा समेत राख्न पाउँछ । कालोसूचीबाट नहटेसम्म सो व्यक्तिले बैंकमा खाता खोल्न, ऋण लिन पाउँदैन । साथै सरकारी सेवा सुविधाबाट पनि वञ्चित हुनुपर्ने बताइएको छ । चेक दिएर अनुचित लाभ लिन खोज्ने तथा ठगी गर्ने मनशाय राख्नेलाई प्रहरीले जुनसुकै बेला पनि पक्राउ गर्न सक्ने बताइएको छ ।

**अपराधका नयाँ 'ट्रेन्ड'**

प्रहरीका अनुसार आर्थिक अपराधका नयाँ 'ट्रेन्ड' थपिँदै गएको छ । क्रिप्टो करेन्सीदेखि अनलाइन जुवासम्म अपराधका नयाँ 'ट्रेन्ड' हुन् । प्रहरीका अनुसार अपराधका नयाँ 'ट्रेन्ड' हरूमा बैंकिङ कसुर, क्रिप्टो करेन्सी, साइबर अपराधहरू, अनलाइन ठगी, हनी ट्र्याप, अनलाइन जुवा, किर्ते लगायत रहेका छन् । बैंक मार्फत रकम भुक्तानी गर्ने र प्रहरीले पक्राउ गरेका नगद फेला नपरोस् भनेर आपराधिक मानसिकता बनाउनेहरु बढेकाले त्यस विरुद्ध प्रहरीले निगरानी बढाएको प्रवक्ता ढकालको भनाइ छ ।

अनलाइन बैंकिङको ओटीपी मागेर ठगी गर्ने गरेको र नक्कली डाक्टर, नक्कली वकिल, नक्कली पुलिस, नक्कली कर्मचारी बनेर ठगी गर्नेहरू बढ्दै गएको प्रहरीले जनाएको छ । उनीहरुले बेरोजगार युवा-युवतीलाई निशानामा पार्ने र बैंकमा भएको रकममा आफ्नो पहुँच पुऱ्याउने भएकाले आाफ्नो बैंक एकाउन्टमा भएको रकम तथा मोबाइल बैंकिङमा पासवर्डहरु जो सुकै व्यक्तिलाई नदिन पनि प्रहरीले आग्रह गरेको छ ।

## खेतीपाती ...

सशस्त्र प्रहरी दिवसको अवसर पारेर सशस्त्र प्रहरी बल नेपालले सीमाका बासिन्दासँग सहकार्य गरी अघि बढ्ने उद्देश्य राखेर 'सीमावासीसँग सशस्त्र प्रहरी' अभियानको घोषणा गरेको थियो ।

सोही अभियान अन्तर्गत नेपाल-भारत सीमा इलाका र सीमा स्तम्भहरूको अनुगमन, सीमावासीहरूको समस्या/गुनासोहरूको जानकारी, नागरिक र सुरक्षाकर्मीबीच सकारात्मक सम्बन्ध स्थापित तथा सीमावासीहरूसँग सम्बन्ध प्रगाढ बनाउने उद्देश्य राखेर सशस्त्र प्रहरी बल २ नम्बर गण झापाले मेचीनगर नगरपालिका-७ सतिघट्टास्थित ९१/१ नम्बरको सीमाबाट चैत ७ गतेदेखि अभियानको थालनी गरेको थियो ।

सशस्त्र प्रहरीले संयुक्त सीमा पैदल यात्रा तथा अन्तरक्रिया कार्यक्रमलाई निरन्तरता दिँदै चैत २५ गते दोस्रो चरणको अभियानमा मेचीनगर -१५ स्थित कालिकास्थानबाट भद्रपुर सीमा नाका मेची पुल, महेशपुरको मेचीपारि हुँदै पृथ्वीनगरसम्म करिब २२ किलोमिटर पैदल यात्रा सम्पन्न गरेको सशस्त्र प्रहरी बल २ नं. गणका झापाका एसपी कवीन्द्र राईले जानकारी दिए ।

सीमा क्षेत्रमा हुने आपराधिक क्रियाकलाप तथा चोरी तस्करी, झोला पोका ल्याउने समस्या, लागूऔषध जस्ता चुनौती देखिएको छ । यसका लागि सशस्त्र प्रहरीले २४ सै घण्टा सातैदिन सीमागस्ती गरिरहेको एसपी राईले बताए । सशस्त्रको इन्स्पेक्टरको नेतृत्वमा ३५ जनाको टोलीले तिरिङदेखि भद्रपुरसम्म ३५ किलोमिटर सीमागस्ती गरिसकेको उनको भनाइ छ । सशस्त्र प्रहरीले यही अभियानमा सीमा क्षेत्रमा बसोबास गर्ने आदिवासी, अल्पसङ्ख्यक, जनजाति, दलित र विपन्न समुदायलाई सहयोग प्राथमिकतामा राखेको जनाइएको छ । साथै सामुदायिक विद्यालयबाट एसईई परीक्षामा उत्कृष्ट नतिजा हासिल गर्ने १५ विद्यार्थीलाई वार्षिक रु १२ हजारका दरले शैक्षिक छात्रवृत्ति, दुई जनालाई

## महिला छात्राबासमा मेस सञ्चालन गर्ने सम्बन्धी सूचना

*दोस्रो पटक प्रकाशित मिति : २०८०।१२।२९ गते*

**यस मेची बहुमुखी क्याम्पसको महिला छात्राबासमा अधिकतम ४२ जना छात्राहरुलाई देहायका शर्तहरुको अधिनमा रही घटाघटमा मेस सञ्चालन गर्नुपर्ने भएकोले मेस सञ्चालन गर्न इच्छुक व्यवसायीहरुबाट यो सूचना प्रकाशित भएको मितिले ७ औं दिनसम्म कार्यालय समयभित्र यस क्याम्पसको प्रशासन शाखामा PAN दर्ता प्रमाण पत्रको प्रतिलिपि, कर चुक्ताको प्रतिलिपि, निवेदकको नेपाली नागरिकताको प्रतिलिपि, मेसमा बनाउने खानाको विवरण मासिक खानाको रेटसहित (प्रति व्यक्ति प्रति छात्रा रु. ९०।- मा नबढ्ने गरी) सिलबन्दी निवेदन दिन यो सूचना प्रकाशित गरिन्छ । निवेदन साथ यस क्याम्पसको नाममा ने.बै.लि. भद्रपुरमा रहेको च. हि. नं. ००५००१००८१९७ ८८०००००१ मा रु.१०,०००।- धरौटी स्वरुप जम्मा गरेको सक्कल भौचर संलग्न गर्नुपर्नेछ । दाखिला हुन आएका सिलबन्दी निवेदनहरु ८ औं दिन दिनको २ बजे मेची बहुमुखी क्याम्पसमा नियमानुसार खोलिने छ । उक्त दिन सार्वजनिक बिदा परेमा भोलिपल्ट सोही समयमा खोलिने छ । आवेदन फारम रु.१०००।- तिरी लेखा शाखाबाट प्राप्त गर्न सकिने छ ।**

**खानाको विवरण**

| क्र.स. | खानाको विवरण | कैफियत |
|---|---|---|
| १ | चामल मन्सुली | |
| २ | मिक्स दाल | |
| ३ | मौसम अनुसारको २ वटा सब्जी | |
| ४ | ताजा अचारसहित सलाद | |
| ५ | हप्तामा १ चोटी मासु/पनिर | |

**क्याम्पस प्रमुख**

**मेची बहुमुखी क्याम्पस, भद्रपुर**

सामुदायिक विद्यालय

## शनिश्चरे माध्यमिक विद्यालय

अर्जुनधारा -८, शनिश्चरे, झापा

स्थापित : २००५

मिति : २०८०।१२।२८

### कोटेशन माग गरिएको सम्बन्धमा

यस विद्यालयलाई तपसिलका इलेक्ट्रोनिक सामान खरिद गर्न आवश्यक परेको हुँदा इच्छुक विक्रेता / वितरकहरूबाट तोकिएको म्यादभित्र रितपूर्वकको सिलबन्दी कोटेशन आह्वान गरिएको छ ।

**टे. नं : ०१ २०८०/८१**

**तपसिल**

| S.N | Particular | Quantity | Spesification |
|---|---|---|---|
| 1 | Interactive Board | 4 | Screen size: 75"<br>Resolution: min .3500*2000 pixel<br>inbuilt OS: Android 10<br>OPS PC -<br>OS: windows 11<br>CPU: Min. core i7 8th generation<br>Storage: Min. 128 GB SSD<br>Interface: USB 2.0, USB 3.0, HDMI, VGA<br>Warranty: 1 Year |

१. कोटेशन फाराम प्रथमपटक सूचना प्रकाशित भएको मितिले १५ दिन (२०८१ साल बैशाख १२ गते) भित्र विद्यालयको कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।
२. फाराम शुल्क रु. २०००।- (दुई हजार) फिर्ता नहुने गरी बुझाउनु पर्नेछ ।
३. २०८१ साल बैशाख १३ गते मध्यान्ह १२ बजेभित्र कोटेशन बुझाइ सक्नु पर्नेछ र सोही दिन अपरान्ह २ बजे कोटेशन खोली मूल्याङ्कन गरिनेछ ।
४. कोटेशनसाथ संलग्न गर्नुपर्ने कागजातहरु :
   *क) व्यवसाय दर्ताको प्रमाणपत्रको प्रतिलिपि ।*
   *ख) मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि ।*
   *ग) कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि ।*
५. कोटेशन बुझाउँदा धरौटी स्वरुप एक्सल डेभलपमेण्ट बैंक शनिश्चरे शाखामा रहेको विद्यालयको खातामा आफूले कबुल गरेको रकमको ५% जम्मा गरेको सक्कलै भौचर पेश गर्नुपर्नेछ ।
६. म्याद नाघी आएको वा रीत नपुगेको कोटेशन उपर कारवाही गरिने छैन ।
७. उपलव्ध इलेक्ट्रोनिक्स उपकरणको प्राविधिक परीक्षण नगरपालिकाको प्राविधिक र विद्यालयले नियुक्त गरेको प्राविधिकबाट गरिनेछ ।
८. थप कुरा बुझ्नु परेमा बिहान ७ बजेदेखि अपरान्ह ४ बजेभित्र विद्यालयको कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

–प्रधानाध्यापक







## फ्ल्याट भाडामा

**बिर्तामोड बाल्मीकि स्कूल नजिकै फ्ल्याट भाडामा छ ।**

सम्पर्क :-
९८४४६८५६०५, ९८२३७२६९७९


## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

रामलाल राइको नाति,जमानसिँह राइको छोरा १ नं प्रदेश इलाम जिल्ला देउमाई नगरपालिका वडा नं.- ०८ बस्ने चन्द्रमान राई भनिने चतुरमान राईले यस इलाम शाखामा खाता नं. २१११५२४०३०००१९ संचालन गर्दै आउनु भएकोमा मिति २०८०-०७-१५मा निज खातावाला चन्द्रमान राईको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउँ भनी निज मृतकको श्रीमती नाता पर्ने आशमाया राईले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजातसहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक चन्द्रमान राईको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको इलाम शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्याद भित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराइन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिनेसमेत सूचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

**इलाम शाखा, इलाम**
**फोन नम्बर: ०२७-५२१७२४**
**फ्याक्स :- ०२७-५२१७३१**

सामुदायिक विद्यालय

## शनिश्चरे माध्यमिक विद्यालय

अर्जुनधारा -८, शनिश्चरे, झापा

स्थापित : २००५

मिति : २०८०।१२।२८

### कोटेशन माग गरिएको सम्बन्धमा

यस विद्यालयलाई तपसिलका इलेक्ट्रोनिक सामान खरिद गर्न आवश्यक परेको हुँदा इच्छुक विक्रेता / वितरकहरुबाट तोकिएको म्यादभित्र रितपूर्वकको सिलबन्दी कोटेशन आह्वान गरिएको छ ।

टे. नं : ०२ २०८०/८१

| S.N | Particular | Quantity | Spesification |
|---|---|---|---|
| 1 | 2 MP IP Colorview Dome Camera | 23 | • 2 MP, 1/1.8" CMOS sensor<br>• Output max. 2 MP (1920*1080p) @25/30 fps<br>• H.265 encoding<br>• Built-in IR LED, max. IR distance: 30 m<br>• Body: Metal + Plastics body |
| 2 | 2 MP IP Colorview Bullet camera | 7 | • 1/2.8" 2MP progressive CMOS<br>• H.265&H.264 dual-stream encoding<br>• Output max. 2MP (1920*1080) @ 25/30 fps<br>• 2.8 mm fixed lens (3.6mm optional)<br>• Built -in IR LED, max. IR distance: 30 m |
| 3 | 4 MP IP Colorview Bullet Camera | 2 | • 1/3" progressive CMOS<br>• H.265&H.264 dual-stream encoding<br>• Output max. 2MP (1920*1080) @ 25/30 fps<br>• 2.8 mm fixed lens (3.6mm optional)<br>• Built -in IR LED, max. IR distance: 30 m |
| 4 | PoE Switch (4 port) | 6 | • 4 port POE switch with 2 uplink |
| 5 | PoE Switch (8 port) | 2 | • 8 port POE switch with 2 uplink |
| 6 | NVR 64 channel | 1 | • UP to 64 channel IP Camera input<br>• Max 400Mbps/400Mbps incoming/ outgoing bandwidth<br>• UP to 12MP resolution preview & playback<br>• HDMI/VGA simultaneous 4K/1080 video output<br>• Support Multi-brand network cameras: Dahua, HikVision, CP plus, TVT and etc.<br>• ONVIF Version 2.4 conformance<br>• Support 4 SATA HDDs up to 32TB, 2 USB (1 USB3.0), 2 HDMI, 1 VGA<br>• Multi network monitoring: Web viewer, CMS(DSS/PSS) &DMSS<br>• 1 G Ethernet Port: yes |
| 7 | HDD | 1 | • Servilence hard disk minimum 10 TB |
| 8 | 55" Smart 4K LED TV | 1 | • 55" 4K UHD<br>• Screen Resolution: 3840 x 2160p<br>• Chromecast Built - in<br>• 12 months full warranty<br>• Min. 1 GB RAM / 32 GB ROM |
| 9 | Cat 6 wire | 2 | • Full Copper wire/Best quality |
| 10 | Network Rack | 1 | • 4U Metal Rack for NVR and accessories. |
| 11 | Power Socket | 10 | • Double power socket |
| 12 | Wire | 2 | • Electricity wire. |
| 13 | Interactive Board | 4 | • Screen size: 75"<br>• Resolution: min.3500*2000 pixel<br>• inbuilt OS: Android 10<br>• OPS PC -<br>➢ OS: Windows 11<br>➢ CPU: Min.corei& 8th generation<br>➢ RAM: Min. 8 GB<br>➢ Storage: Min 128 GB SSD<br>➢ Interface: USB 2.0, USB 3.0, HDMI, VGA<br>• Warranty 1 year |
| 14 | Laptop | 1 | • CPU: core i5 13th generation<br>• RAM: 8 GB<br>• Storage: 512 GB SSD<br>• Screen: Min. 15.6-inch FHD Display<br>• Laptop Bag: Require<br>• Warranty: 1 Year |

१. कोटेशन फाराम प्रथमपटक सूचना प्रकाशित भएको मितिले १५ दिन (२०८१ साल बैशाख १२ गते) भित्र विद्यालयको कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।
२. फाराम शुल्क रु. २०००।-( (दुई हजार) फिर्ता नहुने गरी बुझाउनु पर्नेछ ।
३. २०८१ साल बैशाख १३ गते मध्यान्ह १२ बजेभित्र कोटेशन बुझाइ सक्नु पर्नेछ र सोही दिन अपरान्ह २ बजे कोटेशन खोली मूल्यांकन गरिनेछ ।
४. कोटेशनसाथ संलग्न गर्नुपर्ने कागजातहरु :
   क) व्यवसाय दर्ताको प्रमाणपत्रको प्रतिलिपि ।
   ख) मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि ।
   ग) कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
५. कोटेशन बुझाउँदा धरौटी स्वरुप एक्सल डेभलपमेण्ट बैंक शनिश्चरे शाखामा रहेको विद्यालयको खातामा आफूले कबुल गरेको रकमको ५% जम्मा गरेको सक्कलै भौचर पेश गर्नुपर्नेछ ।
६. म्याद नाघी आएको वा रीत नपुगेको कोटेशन उपर कारवाही गरिने छैन ।
७. उपलव्ध इलेक्ट्रोनिक्स उपकरणको प्राविधिक परीक्षण नगरपालिकाको प्राविधिक र विद्यालयले नियुक्त गरेको प्राविधिकबाट गरिनेछ ।
८. थप कुरा बुझ्नु परेमा बिहान ७ बजेदेखि अपरान्ह ४ बजेभित्र विद्यालयको कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

श्रीअन्नु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

## सम्पादकीय

### महाकुम्भको महिना

नेपालका एक सय पर्यटकीयस्थलको सूचीमा रहेको पूर्वी नेपालको कोशी प्रदेशमा अवस्थित बराहक्षेत्रमा मङ्लवारदेखि कुम्भमेला शुरु भएको छ । वि.सं. २०५९ सालदेखि लाग्न शुरु भएको प्रत्येक बाह्र वर्षमा लाग्ने कुम्भ मेलामा यसपटक तीस लाखभन्दा बढीले कुम्भ स्नान गर्ने आयोजक समितिले अपेक्षा गरेको छ । बराह क्षेत्रमा पन्ध्र सय वर्षभन्दा पूराना पुरातात्विक महत्वका मूर्तिहरु रहेका छन् ।

सप्तकोशी नदीले धनकुटा जिल्लासँग छुट्याएको यस क्षेत्रको उल्लेख बराह पुराण, स्कन्द पुराण र महाभारतमा समेत रहेको छ । पृथ्वी रसातालमा डुब्न लागेको बेला भगवान बराहले बँदेलेको रुप लिएर पृथ्वीको उद्धार गरेको धार्मिक विश्वास छ ।

धर्मशास्त्रमा उल्लेख यही मान्यताका आधारमा बराह क्षेत्रलाई संसारको पहिलो धाम मानिन्छ । जहाँ बराहको अवतार लिएका भगवान विष्णुको पूर्ण कदको मूर्ति रहेको छ । यो क्षेत्र पछिल्लोपटक कुम्भ मेलासँग जोडिएको छ । पहिलोपटक बालसन्त मोहनशरण देवाचार्यको पहलमा एकचालीस वर्षअघि महाकुम्भको आयोजना गरिएको थियो । भारतको प्रयाग नासिक उज्जैन र हरिद्वारमा लाग्ने गरेको कुम्भ भेला जस्तै पछिल्लो समय देश विदेशबाट समेत यहाँ कुम्भ स्नानका लागि आउने गरेका छन् । इतिहास, प्रकृति र तीर्थस्थलको सङ्गमस्थितका रुपमा रहेको बराह क्षेत्र वैदिक सनातन हिन्दु धर्मावलम्बीहरुको मुख्य गन्तव्यको रुपमा प्रतिष्ठित रहेको छ ।

धार्मिक तथा पर्यटकीय क्षेत्र र जल पर्यनको अपार सम्भावनाले परिपूर्ण वराह क्षेत्र रुद्राक्षको समेत भण्डार हो । राजधानीलाई तराईसँग जोड्ने बैकल्पिक मार्गको रुपमाम समेत विकास भएको यो क्षेत्र मठमन्दिरले भरिएको पवित्र तीर्थभूमि हो । हिन्दु शास्त्रमा उल्लेख भएका हरिहर क्षेत्र, कूरक्षेत्र, मुक्त क्षेत्र र बराह क्षेत्रमध्ये यो भगगवान विष्णुको तेस्रो अवतार भएको भूमि मानि५ । जसले यहाँको पवित्रता र महत्वलाई भनै बढाएको छ । हिरययाक्ष नाम गरेका राक्षको बध गरेर भगवान यी हक्षेमा बसेको धभार्मिक विश्वास रहेको बराह क्षेत्रमा शुरु भएको कुम्भ मेलामा पुगेर कोकाह र सप्तकोशीको संगमस्थलमा स्नान गर्दै अन्तरघडाले सेचन गर्न सकिए सबै विकारहरुबाट मुक्त भइने विश्वास छ । यसमा बाह्र वर्ष पछि शुरु भएको कुम्भ मेलामा सहभागी भई धार्मिक तथा आन्तरिक पर्यटनको विकास सबैका ध्यान जानु पर्छ ।

# विश्वविद्यालय पदाधिकारी नियुक्तिमा क्रमभङ्गता



विनोदखण्ड तिमिल्सेना

*जादूको छडीका रुपमा काम भैहाल्छ भन्ने होइन तर पनि यो नै सही गन्तब्यतर्फको प्रारम्भ हुनसक्छ । यसमा सबै सत्ता साझेदार राजनीतिक पार्टीहरुको ऐक्यवद्धता आवश्यक छ । प्राध्यापक कर्मचारीहरुका पेशागत सङ्घ सङ्गठनहरुको र सकारात्मक भूमिका र परिणामका लागि समर्पित वास्तविक विद्यार्थीहरुको पनि हातेमालो आवश्यक छ ।*

भनिन्छ, कुनै पनि देशलाई ध्वस्त पार्नु छ भने कुनै आणविक अस्त्र वा लामो दूरीको क्षेप्यास्त्र प्रयोग गर्नु पर्दैन, बरु त्यस देशको शिक्षा क्षेत्रलाई गतिहीन र ध्वस्त बनाए पुग्छ । युरोप र जापानमा जति हतियार र क्षेप्यास्त्र इतिहासमा सायदै संसारको अरु कुनै भागमा प्रयोग भए होला । तर पनि त्यहाँको विकास र समृद्धिमा युद्धको प्रभाव कमजोर छ किनकि त्यहाँको शिक्षा प्रणाली व्यवस्थित र संस्थागत भएको छ ।

युरोपका अधिकांश मुलुकहरु आर्थिक गतिविधिहरुको केन्द्र बनेका छन् । त्यहाँ व्यवस्थित प्रणाली र प्रभावशाली संस्थागत विकास भएको छ । अमेरिका संसारको सबैभन्दा शक्तिशाली र वैश्विक आकर्षणको थलो हो । चीन, अष्ट्रेलिया, जापान, क्यानडाआदि संसारका प्रभावशाली राष्ट्रहरु हुन् ।

सिंगापुरले आर्थिक रुपमा सबलता हासिल गरेको छ । संयुक्त अरब इमिरेटस र कतार नयाँ एशियायी शक्तिका रुपमा उदाएका छन् । किनकी यी देशहरुमा शैक्षिक संस्था र विश्वविद्यालयहरुमा योग्यतामा आधारित प्रणाली (मेरिटोक्रेसी)लाई उच्च स्थान र प्राथमिकता दिइएको हुन्छ । विद्यार्थी मेरिटका आधारमा भर्ना पाउँछन्, प्राध्यापक अनुसन्धान दक्षता र शैक्षिक उपलब्धिको मेरिटकै आधारमा विश्वविद्यालय छिर्छन् ।

नेपालका शिक्षण संस्था र विश्वविद्यालयमा नेतृत्वदायी भूमिकामा नियुक्तिका लागि नेतृत्वगणलाई कस्ता मानिसहरु रुचिकर छन् भन्ने अनुभवमा आधारित रहेर मनन् गर्न सकिन्छ । विश्वविद्यालयप्रति आममानिसको भरोसा, शिक्षा मन्त्रालयले विश्वविद्यालयहरुमा दिने प्राथमिकता र उच्च शिक्षाका शैक्षिक उत्पादनहरुको विदेशतर्फ पलायनका लागि लामबद्ध लर्कोलाई अवलोकन गर्दा नेपालका संस्थाहरुको विकासमा विश्वविद्यालयबाट भरोसायोग्य नेतृत्व प्रदान नभएको सत्य हो ।

राजनीतिक नेतृत्वमा रहेर शैक्षिक प्रतिष्ठानहरुमा हस्तक्षेप र विश्वविद्यालय वा प्राज्ञिक भूमिकामा रहँदारहँदै राजनीतिक गतिविधिमा अधिक सकृयताले नेपालमा राजनीतिक व्यक्तित्व र प्राज्ञिक व्यक्तित्व पहिचानमा व्यापक चुनौति थपिएको छ । राजनीतिक भाग पाउनकै लागि विश्वविद्यालय क्याम्पसको होस्टलमा वर्षौंसम्म बसिरहेका र 'राजनीति' गरिरहेका अराजनीतिक व्यक्तिहरुको इशारा र पञ्जाबाट विश्वविद्यालयको नेतृत्वलाई निरपेक्ष राख्न नसक्दासम्म मेरिटोक्रेसी मृगतृष्णा मात्र हुनेछ । विशेष गरी कुनै राजनीतिक दलका नेताको फुर्को समातेर विश्वविद्यालय छिर्ने, केही समयपछि अनसनको जुस पिएर स्थायी बन्ने वा पदोन्नति लिने, बौद्धिक चोरी गरेर प्रकाशन गर्ने र सङ्घ वा सङ्गठनलाई भजाएर राजनीतिक नियुक्तिका रुपमा विश्वविद्यालयको पदाधिकारीमा आसिन हुने र निजी संस्था वा आसेपासेलाई सम्बन्धन बेचेर खाने लठैतहरुबाट विश्वविद्यालय जोगाउन शीर्षनेताहरुमा दायित्वबोधसहितको प्रतिवद्धता आवश्यक छ ।

नेपालमा मेरिटोक्रेसीका जगमा यस्तै मानिसहरु विश्वविद्यालयहरुको नेतृत्वमा पुऱ्याउन सकेमा मात्रै विश्वका समृद्ध मुलुकमा जस्तै विश्वविद्यालयलाई आकर्षणको केन्द्र बनाउन सकिन्छ । आज विदेशका विश्वविद्यालयमा अध्ययन गर्न जानका लागि तम्तयार युवाशक्तिलाई रोक्ने मात्र हैन, विदेशी विद्यार्थीलाई नेपालमा आकर्षण पनि गर्न सकिन्छ । कतिपय विभागहरुले विदेशी विद्यार्थीसमेत भित्र्याएका दृष्टान्तहरु पनि हामीसँग छन् ।

विश्वविद्यालयहरुप्रति आमजनतामा खस्केको भरोसा जगाउने हो भने आमरुपमा कर्मप्रति प्रतिवद्ध, मेरिटोक्रेसीमा अब्बल, अनुसन्धान र अन्वेषणमा काबिल, भनाइ र गराइमा एकरुपता भएका, निडर, सादगी जीवन शैली र सदाचारी व्यवहार भएका मानिसहरु विश्वविद्यालयका नेतृत्वमा पुऱ्याउनु पर्छ । यस्ता जनशक्तिले संस्थागत विकासमा भरोसायोग्य परिणाम दिन सक्छन् ।

यही आवश्यकताको महशुस गरेर र जनअपेक्षाको कुरा हृदयङ्गम गरेर हुनुपर्छ केही महिना पहिले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले पहिलोपटक नेपालका विश्वविद्यालयहरुमा मेरिटोक्रेसीका आधारमा नेतृत्व चयन गरेर नेपालको शिक्षा पद्धतिमा भरोसा जगाउने उद्घोष




गर्नुभयो । लामो समय लगायर सार्वजनिक प्रतिस्पर्धाका आधारमा मेरिटको मापदण्ड र मान्यताअनुसार नेपालको सबैभन्दा ठूलो विश्वविद्यालय त्रिभुवन विश्वविद्यालयमा उपकूलपति नियुक्ति गर्ने काम भयो ।

आमरुपमा राजनीतिक नेतृत्वहरुको भागवण्डा र विशेषगरी कूलपतिको विश्वास वा रोजाइमा नियुक्ति हुँदै आएको उपकूलपतिको पद यसपटक क्रमभङ्गसहित नियुक्ति भयो । पोखरा विश्वविद्यालयमा उपकूलपति रहेका बखत कामबाटै आफूलाई अब्बल प्रमाणित गरेका प्राडा केशरजङ्ग बराल त्रिभुवन विश्वविद्यालयको उपकूलपतिमा नियुक्त भएपछि समग्र नेपाली शैक्षिक जगतमा सकारात्मक सन्देश प्रवाह भयो । आफ्नो पार्टीप्रति बढी प्रतिबद्धभन्दा शैक्षिक र अनुसन्धानमा अब्बल प्राज्ञिकहरु नेतृत्व बनेर शैक्षिक प्रतिष्ठान र विश्वविद्यालयमा आउँछन् भन्ने विश्वास भयो ।

अहिले नेपालका अधिकाश विश्वविद्यालय र क्याम्पसहरुले पूर्ण क्षमतामा विद्यार्थी पाउन सकेका छैनन् । यद्यपि सेमेस्टर प्रणालीअन्तर्गतका कतिपय विषयमा भने विद्यार्थीहरुको आकर्षण अझै पनि घटेको छैन । विद्यार्थीको पलायन भयावह छ । त्रिविअन्तर्गत आकर्षक मानिएका चिकित्सा शिक्षा र इन्जिनियरिङ्ग कार्यक्रमहरुमा समेत विद्यार्थीको आकर्षण घट्दो छ ।

खासगरी मानविकी, शिक्षा, विज्ञान संकायअन्तर्गतका जनरल विषयहरुमा विद्यार्थीहरु भर्ना नै नहुने तथा भर्ना भए पनि बीचमै छाड्ने समस्या आमरुपमा परिचित छ । विश्वविद्यालय क्याम्पसका धेरै केन्द्रीय विभागहरुमा दुई अङ्कभन्दा कम संख्यामा र अधिकांश केन्द्रीय विभागहरुमा न्यून संख्यामा विद्यार्थीहरु रहेको अवस्था छ । तर मानविकी सङ्काय अन्तरगतकै केही विभागमा विधार्थीहरुले भर्ना हुन नपाउने र मेरिटमा सफल नभई प्रवेश नै नपाउने अवस्था पनि छ । तीमध्ये एक हो- अन्तराष्ट्रिय सम्बन्ध तथा कूटनीति विभाग ।

त्रिभुवन विश्वविद्यालयले सन् २०१३ मा अन्तर्राष्ट्रिय सम्बन्ध र कूटनीति विषयमा स्नात्तकोत्तर कार्यक्रम भाडामा लिएका तीनवटा कोठाबाट शुरु गरेको थियो । आदर्श नमूनाका रुपमा संचालन भएको यो कार्यक्रममा गुणस्तरीयताका लागि सम्झौताहिन तरिकाले र पूर्ण पेशागत समर्पणका साथ शैक्षिक नेतृत्वले काम गरेकै कारणले सो कार्यक्रमको प्रारम्भदेखि अहिले २०२४ सालसम्म विद्यार्थीहरुको आकर्षण कहिल्यै घटेको छैन । अहिले त्रिभुवन विश्वविद्यालयको हाताभित्र आफ्नै भवनमा स्नात्तकोत्तर, दर्शनाचार्य र विद्यावारिधि समेतमा अन्तर्राष्ट्रिय सम्बन्ध र कूटनीति विषयमा पठनपाठन हुन्छ ।

नेपालबाट मात्र हैन विदेशबाट समेत विद्यार्थीहरु अध्ययन गर्न आउने गरेका छन् र मेरिटमा अब्बल हुनेहरुले मात्र भर्ना पाउँछन् । शैक्षिक नेतृत्वको भूमिका र प्रभाव कति दिगो र दीर्घकालीन हुन्छ भन्ने यो सफल उदाहरण समग्र त्रिविका शैक्षिक सरोकारवालाहरुबीच चर्चाको विषयका रुपमा रहेको छ । सो कार्यक्रमको शैक्षिक र प्राज्ञिक नेतृत्व जापानको नागासाकी विश्वविद्यालयबाट विद्यावारिधि गरेर नेपालमा फर्किएका प्राडा खड्ग केसीबाट भएको थियो, जो हालै त्रिविका उपकूलपतिबाट विश्वविद्यालयको रेक्टर पदका लागि शिफारिश हुनुभएको छ ।

रजिष्ट्रारका रुपमा सिफारिस भएका प्रा.डा. केदारप्रसाद रिजालको गुगल स्कलर पछ्याउँदा उहाँ पनि काबिल अनुसन्धानकर्ता भएको भेटिन्छ । त्रिभुवन विश्वविद्यालयका उपकुलपतिले सफल र काविल शैक्षिक ब्यक्तित्वहरु समेतको टिम निर्माण गरेर देशमा व्याप्त शैक्षिक निराशालाई चिर्ने र राजनीतिक हस्तक्षेपमुक्त प्राज्ञिक वातावरण निर्माणको प्रयत्न गरेको देखिन्छ । यो सहहनीय छ । राजनीतिक नेतृत्वको सुझबुझपूर्ण अहस्तक्षेप आम नागरिक र सरोकारवालाहरुको अपेक्षा हो ।

त्रिविमा रेक्टर र रजिष्ट्रारको नियुक्तिमा पनि विगतको निरन्तरतामा क्रमभङ्गताको टड्कारो आवश्यकता छ । यसका लागि प्रधानमन्त्री एवम् कुलपति पुष्पकमल दाहाल 'प्रचण्ड' र आमसञ्चार माध्यममा निकै लोकप्रिय मानिएकी र धेरैले आशा समेत गरेकी शिक्षामन्त्री एवम् सहकुलपति सुमना श्रेष्ठले दबाबहरुलाई विश्वासमा लिनु पर्दछ । अन्यथा निरन्तरतामा निरन्तरित हुने हो भने विश्वविद्यालय सुधारको प्रतिवद्धता र रुपान्तरण अलपत्र पर्ने देखिन्छ । मेरिटोक्रेसीमा आधारित भई त्रिवि र समग्र विश्वविद्यालयहरुको सुधार गर्ने र विश्वविद्यालयको नेतृत्वलाई कुनै हस्तक्षेप नगर्ने प्रधानमन्त्री प्रचण्डको घोषित प्रतिबद्धता पछ्याएर उपकुलपति प्रा.डा. बरालले सिफारिस गरेका ब्यक्तित्वहरुलाई विश्वविद्यालयको रेक्टर र रजिष्ट्रार पदमा नियुक्ति गर्नु तत्कालको सबैभन्दा उत्तम विकल्प हो ।

जादूको छडीका रुपमा काम भैहाल्छ भन्ने होइन तर पनि यो नै सही गन्तब्यतर्फको प्रारम्भ हुनसक्छ । यसमा सबै सत्ता साझेदार राजनीतिक पार्टीहरुको ऐक्यवद्धता आवश्यक छ । प्राध्यापक कर्मचारीहरुका पेशागत सङ्घ सङ्गठनहरुको र सकारात्मक भूमिका र परिणामका लागि समर्पित वास्तविक विद्यार्थीहरुको पनि हातेमालो आवश्यक छ ।

राजनीति सबै नीतिहरुको जननी हो । सपारेको यश र अपजश मूलतः राजनीतिले नै लिन पाउनुपर्छ र लिनुपर्छ । पछिल्लो समयमा हामी नेपालीलाई र समग्र नेपालको संस्थागत विकासलाई राजनीतिले साह्रै नराम्रोसँग बिगारेको छ भन्ने आमभनाइ छ । यो भनाइ अतिशयोक्तिपूर्ण हो जस्तो लाग्दैन । हामीले हासिल गरेका अनुभवले पनि यस भनाइलाई सहयोग नै गरेको अनुभूति छ । नेपालमा मेरिटोक्रेसीलाई स्थान दिनै पर्ने वस्तुगत आवश्यकता छ । मेरिटोक्रेसीलाई अपनाउने र प्रश्रय दिने प्रतिवद्धता गरेर आफ्नाहरुलाई उच्च राजनीतिक नेतृत्वले सँधै संरक्षण मात्रै गर्दैन भनी आफूलाई प्रमाणित गर्न सकेमा मात्र विरासतमा रहेका राजनीतिक नेतृत्वप्रति जनताको भरोसा क्षयीकरण हुनबाट रोकिन्छ र केही गुमेको भरोसा पुनर्जागरण हुन सक्दछ ।

(लेखक त्रिविविका उपप्राध्यापक हुनुहुन्छ)

# तेश्रो अमृत महाकुम्भ नेपालको चतरामा



कृष्णप्रसाद ढकाल

नेपालका सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलबाट मंगलवार चैत्र २७ गतेबाट २०८१ बैसाख २८ गतेसम्म सञ्चालन हुने बाह्रबर्षे चतरा अमृतमहाकुम्भको समुद्घाटन भएकोछ । कुम्भमेलाको ऐतिहाँसिक र पौराणिक तथ्यअनुसार समुन्द्रमन्थनबाट प्रकट भएको अमृतघडालाई स्वर्गका राजा इन्द्रका छोरा जयन्तले लिएर आकाश तर्फ भाग्ने क्रममा दक्षिण तिरको हरिद्वार, प्रयाग, उज्जैन र नासिक क्षेत्रमा १/१ थोपा झर्न गयो, सबै कुम्भस्थलको रुपमा स्थापित भए । देवताहरुले जयन्तलाई लखेट्न थाले, अन्त्यमा डराएका जयन्तले अमृतघडालाई हत्तपत्त छाडेर स्वर्गलोकतिर लागे ।

त्यसपछि देवता र दानवहरुमा कसले अमृत पहिले खाने भन्ने बिषयलाई समाधान गर्न भगवान श्रीनारायणले मोहिनीरुप धारणगरी अमृतघडालाई हातमा लिएर देवता र दानवहरुलाई पंक्तिबद्ध गराई बाँड्न खोज्दा घडामा ढपक्क अमृतको तर लागेको देखेर पहिले त्यो अमृतको तरलाई पिण्ड बनाएर राखे, त्यसपछि सबैलाई अमृत बाँडेर वर्तमानको प्राचीन हरिद्धार चतराधाममा चैत्र महिनाको शुक्लपक्षको प्रतिपदा तिथिकै दिनबाट एक महिनासम्म सँधै कौशिक्रिस्नान गर्दै अमृतपिण्ड महोत्सव गर्नुभयो ।

यस तथ्यलाई हृदयम गर्दै नेपालको सुनसरीस्थित चतराधाम नै प्राचीन हरिद्वार भएको बिषय २५ बर्षको उमेरमै देश -बिदेशका अनेकौं धर्माचार्यहरुसँग बृहद् शास्त्रास्त्र गरी सिद्धगरेर सबैको समर्थन जुटाएर विश्वको पाँचौ कुम्भस्थलका रुपबाट चतराधाममा २०५९ साल बैसाख १ बाट जेठ १ सम्मको प्रथम पिण्डेवर कुम्भमहोत्सवका अवसरमा भारतबाट विश्वहिन्दु परिषदका अन्तराष्ट्रिय अध्यक्ष अशोक सिंघल, काशी सुमेरुपीठका जगद्गुरु शंकराचार्य नरेन्द्रानन्द सरस्वती सहित हजारौं भारतीय सन्तहरुको आगमन गराउनु भएको थियो । वाराणसीबाट काशी पण्डितसभाका महामन्त्री डा. विनोद राव पाठकज्युको नेतृत्वमा २१ विद्वानहरुको टोली कुम्भमा उपस्थित भई कुम्भप्रति समर्थन जनाएको थियो ।

उहाँको यसप्रकारको कार्यक्षमताको सम्मान स्वरुप सयौं बर्षको इतिहाँस सम्हालेको काँशी विद्वतपरिषदले २०६७ बैसाख १ मा जगद्गुरु पद्वीबाट विभूषित गरेको थियो । त्यसपछि नेपाल सरकारका तर्फबाट तात्कालीन सस्ंकृति मन्त्री मिनेन्द्र रिजाल लगायतको टोलीले काठमाण्डौ ल्याई जगद्गुरुको यो महानपद नेपालका लागि पहिलो भएको घोषणा गरेको थियो ।

आजको यस अमृतकुम्भ महोत्सव कार्यक्कमको सञ्चालन सुनिल भट्टराई र धामका महासचिव प्रल्हाद भट्टराईबाट पालैपालो भएको छ भने, स्वागत मन्तव्य बराहक्षेत्र नगरपालिका मेयर रमेश कार्कीबाट भएकोछ । चतराधामलाई कुम्भ नगरी बनाउने प्रयासमा निरन्तर जुट्नु हुने बिराटनगरका पूर्व



प्रधानमन्त्री नगेन्द्रप्रसाद रिजालका पारिवारिक सदस्य र भोजनप्रसाद सहयोग टीम पक्षधरका तर्फबाट इन्दिरा रिजाल, र प्रदेश एकका मुख्यमन्त्री एकराज कार्कीले महाराजश्रीलाई कुम्भको थालनी गरेर यस क्षेत्रमा सास्ंकृतिक र पर्या-पर्यटकीय सुधार भएको र बजार बिस्तार हुँदा आर्थिक गतिधिमा समेत अतुलनीय सुधार भएकोले धन्यवाद ज्ञापनसहितको मन्तव्य राख्नु भएको थियो । अन्त्यमा सम्माननीय राष्ट्रपतिज्यूबाट कुम्भमहोत्सव राष्ट्रिय सम्पत्ति भएको उल्लेख गर्दै आगामी दिनहरुमा अझ व्यवस्थित गर्दै अघि बढाउने प्रतिवद्धता जाहेर गर्नुभएको थियो । त्यसपछि कुम्भमहोत्सवका अध्यक्षको नाताबाट जगद्गुरु महाराजश्रीबाट अब सरकारले यो पावन क्षेत्रलाई कब्जा गरेर कुम्भको सम्पूर्ण दायित्व ग्रहण गर्नुपर्ने बिचार राख्नुभयो, अमृतमहाकुम्भ लगायतका राष्ट्रियपर्वमा सरकारले निम्ता दिएको खण्डमा आफू पाहुनाको रुपमा उपस्थित हुने र प्राप्त जिम्मेवारी निर्वाह गर्ने प्रतिवद्धता व्यक्त गर्नुहुँदै सम्माननीय राष्ट्रपतिसहित सम्पूर्ण मान्यजनहरुलाई धन्यबाद सहित सभाको अन्त्य गर्नु भएको थियो ।

शास्त्रले जम्मा १२ वटा कुम्भस्थलहरु इङ्गित गरेका भएपनि हाल खोज भइसकेका जम्मा ५ वटा कुम्भमेलाहरु मध्ये ४ ठाउँमा अमृतका विन्दुहरु झरेकै कारणले पहिल्यैदेखि नै कुम्भस्थल भनेर विख्यात भई स्थापित भइसकेको देखिन्छ । तर नेपालको चतराधाम प्राचीन हरिद्वार नै भएपनि खोजी हुन नसक्दा र तथ्य फेला नपरेरै अन्यौल नै भइरह्यो । बल्ल जगद्गुरु महाराजश्रीको अथक प्रयास स्वरुप कुम्भमेला सन्दर्भको श्रीमद्स्कन्द महापुराणको हिमाद्रिखण्ड अध्याय १२ श्लोक संख्या ३४ देखि ३८ सम्मका स्पष्टसँग बताइएको तथ्यहरु र व्यवस्था पत्ता लगाउनाले हामी अमृत महाकुम्भको पवित्रतालाई आत्मसात् गर्न सफल भएका छौं ।

- नेपालमा प्रथमपटक पूर्णमहाकुम्भ महोत्सव (२०५९) को नामबाट २०५९ साल बैसाख १ गते देखि जेठ १ गतेसम्म भव्यरुपले सम्पन्न भएको थियो ।
- २०६३ साल चैत्र ६ गते देखि २०६४ वैसाख ८ गतेसम्म चतराधाममा पहिलोपटक अर्ध कुम्भमेला सम्पन्न भएको थियो ।
- २०७० चैत्र शुक्लपक्ष प्रतिपदा तिथि चैत्र १७ गतेदेखि २०७१ वैसाख १९ गतेसम्म दोश्रो पिण्डेश्वर पूर्णकुम्भ मेला सम्पन्न भयो ।
- २०७५ साल चैत्र २३ गते देखि २०६४ वैसाख २५ गते सम्म चतराधाममा दाश्रो अर्ध कुम्भ मेला सम्पन्न भएको थियो ।
- २०८० साल चैत्र शुक्लपक्ष प्रतिपदा तिथि चैत्र २७ गतेबाट २०८१बैसाख २८ गतेसम्म तेश्रो पिण्डेश्वर पूर्ण कुम्भ मेला सम्पन्न भयो ।

हिन्दुसमाजको आधिकारिक सैयौं बर्ष पुरानो काँशीविद्धत परिषदले अनन्तश्री विभुषित जगद्गुरु वालसन्त मोहनशरण देवाचार्यमाहाराजश्रीलाई ऐतिहाँसिक जगद्गुरुको ओहोदा टक्र्याउँदै वैदिक सनातन धर्मरक्षाको जिम्मेवारी समेत जगद्गुरु माहाराजश्रीको काँधमा थमाइदिएकोछ, जुन समस्त हामी नेपालीका लागि गौरवको बिषय हो ।

अनन्तश्री विभुषित जगद्गुरु बालसन्त मोहनशरण देवाचार्य माहाराजश्रीका अनुसार लोक-कल्याण गर्ने पालन गर्ने कौशीकी माताको महिमा अनन्त छ । यस धर्तीका पुर्वज र ऋषि-मुनीहरुले तप- आराधना र स्याहार- संभार गरेको यस्तो पवित्र पावनभूमि विश्वमा अन्यत्र कहीं छैन ।

ऋण काढेर तीर्थयात्राका लागि बिदेश दौडेर गरिने स्नानहरु र दर्शनहरु भन्दा आफ्नै मुलुकमा अविरल बगिरहने हिमवत स्वच्छ र पवित्र नदीहरुमा गरिने स्नान र आफ्नै मुलुकमा रहेका बाह्र ज्योतिर्लिङ्ग सहितका अनेकौं मठमन्दिरहरुको दर्शनले नै मनग्यै पूण्य प्राप्ति हुन्छ, वैकुण्ठ प्राप्ति हुन्छ, भने यसकासाथै आन्तरिक पर्यापर्यटनको विकास र अभिबृद्धि भई हाम्रो आर्थिक गतिबिधिमा सुधार हुँदै सास्ंकृतिक सम्पदाहरुको महत्वमा अभिबृद्धि हुनेछ । जयश्री राधे !!!

(लेखक जगद्गुरु जन्मस्थल संरक्षण तथा पूर्वीयदर्शन अध्ययन केन्द्रका सचिव समेत हुनुहुन्छ ।)

krishnadhakal251@gmail.com



**सिद्धकाली माताको मन्दिर** : सङ्खुवासभाको चैनपुर नगरपालिका -३ मा रहेको नेपालको प्रसिद्ध धार्मिक पर्यटकीयस्थल सिद्धकाली माताको मन्दिर, सिद्धायोगिनी, प्रकाशेश्वर महादेव मन्दिर । यस मन्दिर परिसरमा सतीदेवीको दाहिने आँखा पतन भएको किम्बदन्ती रहेको छ । *तस्बिर : रासस*

# हेपाटाइटिस भाइरसबाट दैनिक ३,५०० को मृत्यु

**झापा, चैत २८।** विश्व स्वास्थ्य सङ्गठन (डब्ल्युएचओ) ले हेपाटाइटिस भाइरसबाट हरेक दिन तीन हजार पाँच सयभन्दा बढी मानिस मर्ने गरेको र यो सङ्ख्या बढिरहेको चेतावनी दिएको छ। सङ्गठनले दोस्रो सबैभन्दा ठूलो सङ्क्रामक हत्यारा यस भाइरससँग लड्न छिटो कारवाही गर्न आग्रह गरेको छ।

यस साता पोर्चुगलमा भएको विश्व हेपाटाइटिस शिखर सम्मेलनका साथ जारी डब्ल्युएचओको प्रतिवेदनअनुसार सन् २०२२ मा एक सय ८७ मुलुकको तथ्याङ्कले भाइरल हेपाटाइटिसबाट मृत्यु हुनेको सङ्ख्या १३ लाख पुगेको देखाएको छ। डब्ल्यूएचओको ग्लोबल एचआईभी, हेपाटाइटिस र यौन सञ्चारित सङ्क्रमण कार्यक्रम प्रमुख मेग डोहर्टीले यो डरलाग्दो प्रवृत्ति भएको बताए।

प्रतिवेदनमा हेपाटाइटिस सङ्क्रमणबाट विश्वभर दैनिक तीन हजार पाँच सयको मृत्यु हुने गरेको र त्यसमा ८३ प्रतिशत हेपाटाइटिस बी र १७ प्रतिशत हेपाटाइटिस सीबाट हुने उल्लेख छ।



प्रतिवेदनमा प्रभावकारी र सस्तो जेनेरिक औषधिले यस्तो भाइरसहरूको उपचार गर्न सकिने र सन् २०२२ मा पुरानो हेपाटाइटिस-बी बाट सङ्क्रमण भएकामध्ये तीन प्रतिशतले मात्र उपचार पाएको उल्लेख छ। हेपाटाइटिस-सीबाट सङ्क्रमितमध्ये २० बीस प्रतिशतको उपचार गरिएको थियो।

हेपाटाइटिसको सङ्क्रमणलाई रोक्न विश्वव्यापी रूपमा प्रगति भए पनि मृत्युदर बढ्दै गएको छ- डब्ल्यूएचओ प्रमुख टेड्रोस अधानोम गेब्रेयससले एक विज्ञप्तिमा भने।

अफ्रिकामा पाँचमध्ये एक शिशुलाई जन्मको समयमा खोप लगाइए पनि नयाँ हेपाटाइटिस-बी सङ्क्रमणको ६३ प्रतिशत मामिला देखिएको प्रतिवेदनमा उल्लेख छ। संयुक्त राष्ट्र एजेन्सी डब्ल्युएचओले प्रभावित देशहरूसँग जेनेरिक हेपाटाइटिस औषधिमा पर्याप्त पहुँच नभएकामा पनि दुःख व्यक्त गरेको छ।

प्रतिवेदनअनुसार कूल हेपाटाइटिसका दुई तिहाइ केस बङ्गलादेश, चीन, इथियोपिया, भारत, इन्डोनेसिया, नाइजेरिया, पाकिस्तान, फिलिपिन्स, रुस र भियतनाममा छन्। सन् २०२५ सम्ममा यी १० देशमा हेपाटाइटिस रोकथाम गर्न र उपचारमा विश्वव्यापी पहुँच पुयाउन आवश्यक रहेको डब्ल्यूएचओले बताएको छ।

# सफलतालाई छेकेन अपाङ्गताले

**खोटाङ, चैत २८।** दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-११ खार्मीका ३० वर्षीय भक्तबहादुर विश्वकर्मा दृष्टिविहीन हुन्।

दिक्तेल बहुमुखी क्याम्पस दिक्तेलमा इपिएम (एजुकेसन म्यानेजमेन्ट प्लान)मा स्नातकोत्तर अध्ययनरत विश्वकर्मा शिक्षक सेवा आयोगले लिएको प्राथमिक तह तृतीय श्रेणीको परीक्षामा खुला, दलित र अपाङ्ग गरी तीनवटा समूहमा नाम निकाल्न सफल भए।

पहिलोपटक शिक्षक सेवा आयोगको परीक्षा दिएका विश्वकर्माले शिक्षा विकास तथा समन्वय एकाइबाट नियुक्तिपत्र समेत बुझिसकेका छन्। आठ वर्षको उमेरमा आँखाको ज्योति गुमाएका विश्वकर्मा स्थायी शिक्षकमा नाम निकालेर नगरपालिकामा सिफारिस भएका हुन्।

कक्षा १० मा अध्ययनरत नवराज भट्टराईलाई लेखक सहयोगी राखेर परीक्षा दिएका विश्वकर्मा दोस्रो पेपरमा एक सय १० जनाले परीक्षा दिएकामा ७८ जना उत्तीर्ण हुँदा ४९औं नम्बरमा नाम निकालेका थिए। अरूले पढेर सुनाएको भरमा शिक्षा सेवा आयोगको परीक्षा उत्तीर्ण गरेका दिक्तेलस्थित सुर्केडाँडा आधारभूत विद्यालय बाम्राङमा सिफारिस हुने निश्चित भएको छ। विसं २०६९ मा आफ्नै गाउँ खार्मीस्थित कालिका माध्यमिक विद्यालयबाट एसएलसी उत्तीर्ण गरेका विश्वकर्मा दुई वर्षअघिदेखि दिक्तेल इङ्लिस बोर्डिङ स्कूल दिक्तेलमा सङ्गीत शिक्षकका रुपमा कार्यरत थिए। विसं २०६५/०६६ र ०६७ सालसम्म तीन वर्ष श्री सङ्गीत पाठशाला डिल्लीबजार काठमाडौंमा बसेर सङ्गीत सिकेका उनी अहिले साइनो कला केन्द्र, खोटाङका अध्यक्ष हुन्।

विसं २०७१ देखि सङ्गीतमा लाग्नुभएका विश्वकर्माका छ वटा गीत रेकर्ड पनि भएका छन्। गीतसङ्गीतसँगै अध्ययनलाई समेत निरन्तरता दिँदै आएका विश्वकर्मा दृष्टिविहीन भएर पनि शिक्षक सेवा आयोगको परीक्षा उत्तीर्ण गरेर स्थायी शिक्षक हुनुले धेरैका लागि प्रेरणाका स्रोत बनेका छन्।





कक्षा-८ मा अध्ययन गर्दै गर्दा वैवाहिक जीवनमा बाँधिएका विश्वकर्माको श्रीमतीसहित एक छोरा र एक छोरी छन्। बाद्यवादनमा समेत उत्तिकै दखल राख्ने विश्वकर्माले साकेला गाउँपालिका-१ बाँझेच्यानडाँडाकी वेदना राईसँग १२ वर्षअघि अन्तरजातीय विवाह गरेका थिए। आँखामा दृष्टि नभए पनि व्याख्यान, प्रश्नोत्तर र छलफल विधिबाट कक्षा शिक्षण गर्ने विश्वकर्माले बताए। घरमा पूर्वतयारी गरेर कक्षामा प्रवेश गर्छु। कक्षामा विद्यार्थीलाई पाठ वाचन गर्न लगाएर पनि सिकाउने छु -उनले भने - मसँग ट्युसन पढाएको अनुभव पनि छ। जस्तै बोटबिरुवाको विषयमा पढाउने हो भने बोटबिरुवा लगेर जरा, काण्ड, पात, फूलगायत देखाएर पढाउन सकिन्छ।

विश्वकर्मा आठ वर्षको उमेर हुँदा टाउकोमा आएको पिलोका कारण दृष्टिविहीन भएको पारिवारिक स्रोतले बताएको छ। स्वास्थ्यचौकी बाक्सिलामा गएर पिलो फुटाउने क्रममा आँखाको नसा बिग्रेका कारण आफूले ज्योति गुमाएको विश्वकर्माको भनाइ छ।

उता, केपिलासगढी गाउँपालिका-५ सप्तेश्वरका दृष्टिविहीन उमेश राई र उनकी श्रीमती सूर्यमायाँ लिम्बूले पनि विश्वकर्मासँगै स्थायी शिक्षकमा नाम निकालेका छन्। उनीहरु दुवै जनाले शिक्षा विकास तथा समन्वय इकाइको कार्यालय खोटाङबाट नियुक्तिपत्र बुझिसकेका छन्। जन्मजात दृष्टिविहीन राई दम्पतीले केपिलासगढी गाउँपालिका बाट पदस्थापना पत्रसमेत लिइसकेका छन्। राई केपिलासगढी गाउँपालिका-२ खार्ताम्छास्थित शुक्रजित मावि र लिम्बू केपिलासगढी गाउँपालिका-३ बास्पानीको मनोकामना आधारभूत विद्यालयमा सिफारिस भएका छन्।

स्थायी शिक्षकमा नाम निकाल्न सफल दृष्टिविहीन राई दम्पती दुवैजनाले सहयोगी राखेर परीक्षा दिएका थिए। राई एक वर्षदेखि भगवती मावि बेलबारीमा मावि राहतमा शिक्षकमा कार्यरत हुन्। उनकी श्रीमती लिम्बू भने हालसम्म पूर्वाञ्चल ज्ञानचक्षु विद्यालयमा अध्यापन गरिरहेकी थिइन्। खोटाङबाट धरान झरेका राई र बराहक्षेत्र नगरपालिका चक्रघट्टी, सुनसरी निवासी लिम्बूबीच २०७७ सालमा विवाह भएको थियो।

राई आँखाको उपचारका सिलसिलामा बाल्यवस्थामै धरान झरेको सुनाउँछन्। धरानमा राईको आँखाको ज्योति फर्किएन तर धरानले उचित शिक्षादीक्षा दिलाएको थियो। स्थायी शिक्षकमा नाम निस्केपछि राई श्रीमतीसहित गाउँ फर्किएका छन्।

दृष्टिविहीन विश्वकर्मा र राई दम्पतीको सफलताले सपाङ्ग व्यक्तिका लागि चुनौती थपिएको छ। मेहनत गर्नेका लागि सफलता चुम्न शारीरिक अपाङ्गताले नछेक्ने विश्वकर्मा र राई दम्पतीको सफलता उदाहरणीय बनेको छ। गत जेठ २० गते पहिलो पेपर, असोज १३ गते दोस्रो पेपरको लिखित परीक्षा तथा फागुन २९ गतेको अन्तर्वार्ता भएको शिक्षक सेवा आयोगको परीक्षामा विश्वकर्मा र राई दम्पतीसँगै ७८ जना स्थायी शिक्षक भएका छन्। दश स्थानीय तह रहेको जिल्लामा ९२ जना माग भएकामा ७८ जनाले मात्र नाम निकाल्न सफल भएका छन्।

# गौरीगाउँलाई उपाधि




**बिर्तामोड, चैत २८।** वडा खेलकुद विकास समिति बिर्तामोड -१ को आयोजनामा भएको प्रथम वडाध्यक्ष अण्डर १४ टोलस्तरीय नकआउट फुटबल प्रतियोगिताको उपाधि गैरीगाउँ टोलविकास संस्थाले जितेको छ।

ग्रिनफिल्ड स्कूलको मैदानमा भएको फाइनल खेलमा पञ्कन्या टोल विकास संस्थालाई २-१ ले हराँदै गैरीगाउँले उपाधि जितेको हो।

प्रतियोगिताको विजेता गैरीगाउँले नगद २१ हजार १ सय ११ रुपैयाँसहित मेडल, ट्रफी हात पारेको छ। यस्तै प्रतियोगिताको उपविजेता पञ्चकन्याले नगद ११ हजार १ सय ११ रुपैयाँ मेडल र ट्रफी प्राप्त गरेको छ।

यसैगरी प्रतियोगिताको उत्कृष्ठ गोलकर्ता पञ्चकन्याका अभियान ढुंगेल र उत्कृष्ठ गोलकिपरमा गैरीगाउँका सुनिल यादवले ट्रफी प्राप्त गरे। यस्तै गैरीगाउँका अंकुश खड्का फाइनल खेलको म्यान अफ द म्याच भए। विजेताहरुलाई कार्यक्रमका प्रमुख अतिथि वडा नम्बर १ का वडाअध्यक्ष अग्निप्रसाद पाण्डेले पुरस्कार प्रदान गरे। प्रतियोगिताको पहिलो पुरस्कार बैदेशिक रोजगार संघ झापा र दोस्रो पुरस्कार क्रियटिभ इन्टरनेश्नल एकाडेमीका संस्थापक एजाज अहमद अन्सारीले प्रायोजन गरेका थिए।

चैत्र २६ गतेदेखि शुरु भएको यस प्रतियोगितामा १० वटा टोल विकास संस्थाहरुको सहभागिता रहेको थियो। वडा खेलकुद विकास समितिका अध्यक्ष केशब पोखेलले यस प्रतियोगितालाई आगामी वर्षहरुमा पनि निरन्तरता दिने जानकारी दिए।

पछिल्लो समयमा स्थानीय तहले विभिन्न खेल आयोजना गर्दै स्थानीय स्तरमा खेलाडी उत्पादनको कामलाई प्राथमिकता दिइएका छन्। यही सिलसिलामा बिर्तामोड वडा नं. १ ले वर्षैनि विभिन्न खेलकुदको आयोजना गर्ने गरेको अध्यक्ष पाण्डेले बताए।

# दुर्घटनामा मृत्यु

**इटहरी, चैत २८।** सुनसरीको इटहरी उपमहानगरपालिका-२ हलगडा चोकमा कारले पैदल यात्रीलाई ठक्कर दिँदा भोजपुरका ५२ बर्षीय जयबहादुर राईको मृत्यु भएको छ।

धरानबाट इटहरीतर्फ आउँदै गरेको प्रदेश १-०२९ च. ९४५९ नम्बरको कारले ठक्कर दिँदा घाइते भएका राईको उपचारको क्रममा बि.पी.कोईराला स्वास्थ्य बिज्ञान प्रतिष्ठान धरानमा मृत्यु भएको प्रहरी कार्यालय ईटहरीले जनाएको छ।

**ताप्लेजुङ -पाथीभरा सफल यात्रा**

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।



**ताप्लेजुङ पाथीभरा काउन्टर**
**मो. ९८०३२५०४७२, ९८०१३६४०९३**

**सेफ्टी ट्यांकी चाहिएमा**

अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **खुशी सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस्। *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ।*





**सम्पर्क** : ९८१४९१७७११ /९८४२७३३६१२ /९८४२०७०५८६ /९७४२३१०३२८

उच्च गुणस्तर सुलभ मूल्य

**सयपत्री बालुवा प्रशोधन उद्योग**

यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ।

**सम्पर्क :**
**९८०४९५४४००, ९८६६२४२४६६**
**अर्जुनधारा नगरपालिका- ४, झापा**

**बराल ट्याक्सी सर्भिस**

**दमक-बिर्तामोड-जितपुर-मंगलबारे**
**दैनिक सेवा**
**रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्**

| छुट्ने समय | | सम्पर्क (चालक) | |
|---|---|---|---|
| | | सन्तोष | जीवन कार्की |
| दमकबाट | बिहान ६ बजे | ९८०६०१८१७४ | ९८१६९४०१७३ |
| बिर्तामोडबाट | बिहान ७ बजे | ९८४०३८७६७५ | मे १ ज १६७० |
| मंगलबारेबाट | दिउसो १२ बजे | | |

**हाड जोर्नी नसाका बिरामीलाई सुवर्ण अवसर काठमाडौंका विशेषज्ञ बिर्तामोडमा**

स्पार्क अस्पताल काठमाडौंका बरिष्ठ **डाक्टर अनिलकुमार महतो** यही **बैशाख ८ गते शनिबार** स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोडमा आउँदै हुनुहुन्छ। आफ्नो समस्या जाँच गराई मौकाको फाइदा लिनुहोस्।

**जाँच हुने समस्याहरु :**
- ढाड, कम्मर, गर्दन। घुँडा, जोर्नीहरु दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको
- शरीर झम्झमाउने, लाटो हुने, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको

**समय : बिहान ८:०० देखि ३:००**

**स्पार्क पूर्वाञ्चल अस्पताल,**
**कनकाई रोड, नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा**
**(फोन : ०२३-५३०१२३, ९८५२६७५०३३, ९८१४०३२६६२**



**ज्यो. पं. खेमप्रसाद पौडेल**
**फोन सम्पर्क ९८५११५४६९९**

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
धार्मिक कार्यमा सहभागीहुने दिन रहेको छ, बोल्दा बिचार पुऱ्याउनुहोला, घुँडा तथा ढाडमा समस्या हुन सक्छ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
व्यापार व्यवसायमा पदोन्नतीको योग छ, धन लाभ होला, उत्तम भोजन प्राप्त हुन सक्नेछ, मन प्रशन्न रहला।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
कार्यसिद्धि हुने दिन छ, मान सम्मानमा वृद्धि हुने, स्वास्थ्यले, भाग्यले साथ दिनेछ, थोरै पारिवारिक झमेला व्यहोर्नुपर्ने हुनसक्छ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
मन अशान्त रहन सक्छ, पारिवारिक कारणले मनमा चिन्ता बढ्नेछ, व्यर्थको यात्रा गर्नुपर्नेछ, खर्चिलो योग रहेको छ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
क्रोधलाई नियन्त्रणमा राख्नुहोला, बोलिको प्रभावले बन्नै लागेको काम पनि बिग्रन सक्छ, इष्टमित्रले साथ दिनेछन्।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
आजको दिन समयले साथ दिएको छैन, नचिताएको ठाउँमा धन खर्चगर्नुपर्दा मन खिन्न भएर जानेछ, परिवारजन बिमुख हुनेछन्।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -**
रचनात्मक काम शुरूगर्ने समय आएको छ, पहिले गरिएको कामको हौशलाले धप उर्जा मिल्नेछ, स्वास्थ्यले राम्रो साथ दिने समय रहेको छ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
अनावश्यक खर्च गर्नुपर्दा मन अशान्त रहन्छ, अवसरका निम्ति निक्कै दौडधुप गर्नुपर्छ, पेट सम्बन्धि समस्याले सताउन सक्छ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
समय मिश्रित फलदायि छ, टाउको तथा आँखा सम्बन्धि समस्याले सताउन सक्छ, सन्तान पक्षबाट सहयोग प्राप्त हुनेछ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
बुद्धिको उपयोगले विद्या तथा धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाई पैभावित बनाउन सकिनेछ, ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
यथेष्ट धनलाभको योग छ, बोली तथा वाणीको प्रभावमा बृद्धिहुनेछ, मिष्ठान्न भोजनको योग छ, मन प्रफुल्ल रहला।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
समय अत्यन्तै वलवान छ, मान सम्मानमा वृद्धि हुनेछ, शुखद् खबर सुनिनेछ व्यपार व्यावसायमा सन्तोषजनक नतिजा प्राप्त हुनेछ।